## संवत् २०८३ साल बैशाख ९ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

प्र.मं.प.बै.सं. ०१।०८३

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीको योगदानमा आधारित निवृत्तिभरण कोष सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्र स्वीकृत गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको पाँचौं वार्षिक प्रतिवेदन (आ.व. २०८१/०८२) प्रदेश सभामा पेस गर्न स्वीकृति दिने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कडा रोग लागेका विभिन्न व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश सभा सचिवालयलाई चार वटा सवारी साधन खरिद गर्न सवारी साधन खरिद शीर्षकमा बजेट व्यवस्थापन गर्ने। |
| ५. | आर्थिक मामिला मन्त्रालय | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (चौथो संशोधन) कार्यविधि, २०८२ स्वीकृत गर्ने |
| ६. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | मन्त्रालय र सडक, पुल तथा प्रादेशिक भवन कार्यालय, कास्कीको संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने। |
| ७. | विविध | गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को प्रवक्ताको रुपमा माननीय आर्थिक मामिला मन्त्री श्री जितबहादुर शेरचनलाई तोक्ने। |

## संवत् २०८३ साल बैशाख २२ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

प्र.मं.प.बै.सं. ०२।०८३

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश सभा सचिवालय र प्रदेश लोक सेवा आयोगको सम्पत्ति तथा जिन्सी मालसामानको मिनाहा गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सचिव/एघारौं तहको पदस्थापना तथा कामकाज सम्बन्धी। |
| ३. | आर्थिक मामिला मन्त्रालय | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम रकमान्तर गर्ने अधिकार हस्तान्तरण गर्ने। |
| ४. | आर्थिक मामिला मन्त्रालय | मन्त्रालयको सम्पत्ति तथा जिन्सी मालसामानको मिनाहा गर्ने। |
| ५. | उद्योग तथा पर्यटन मन्त्रालय | मन्त्रालयको सम्पत्ति तथा जिन्सी मालसामानको मिनाहा गर्ने। |
| ६. | वन तथा वातावरण मन्त्रालय | मन्त्रालयको सम्पत्ति तथा जिन्सी मालसामानको मिनाहा गर्ने। |
| ७. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | क्षतिग्रस्त अभिलेख खडा गरी यातायात सेवा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने। |
| ८. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | गण्डकी प्रदेश सेयरिङ (नियमन र व्यवस्थापन) (दोस्रो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| ९. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | मन्त्रालयको सम्पत्ति तथा जिन्सी मालसामानको मिनाहा गर्ने। |

*द्रष्टव्यः निर्णयसँग थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*

# संवत् २०८२ साल बैशाख २८ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

प्र.मं.प.बै.सं. ०३।०८३

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | इलाका प्रहरी कार्यालय, दाना म्याग्दी, इलाका प्रहरी कार्यालय, सुन्दरबजार, लमजुङ, प्रहरी चौकी कोलुहवा, नवलपरासी (ब.सु.पू.) र प्रहरी चौकी, बाच्छा, पर्वतको भवन निर्माणको लागि स्रोत सुनिश्चितता गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश नीति तथा योजना आयोगलाई पूँजिगत सेवा तथा परामर्श खर्च शीर्षकमा बजेट व्यवस्था गर्ने। |
| ३. | आर्थिक मामिला मन्त्रालय | दायित्व सृजना भएका आयोजनामा रकम भुक्तानी गर्ने। |
| ४. | आर्थिक मामिला मन्त्रालय | चितिखोला बगर खेत सिंचाई आयोजना र चितिखोला भट्टफाँट सिंचाई आयोजनाको रोक्का रहेको बजेट कार्यक्रम फुकुवा गर्ने। |
| ५. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | गण्डकी प्रदेश अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०८३ स्वीकृत गर्ने। |
| ६. | स्वास्थ्य मन्त्रालय | वालिङ नगर अस्पतालको स्तरोन्नती गरी प्रदेश सरकार मातहत ल्याई सञ्चालन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने। |
| ७. | स्वास्थ्य मन्त्रालय | आपतकालीन स्वास्थ्य सेवा तथा संक्रमक रोग व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृत गर्ने। |